कालिका गाउँपालिका

# स्थानीय राजपत्र

खण्डः ५ संख्याः ४ मितिः २०७८/०३/३०

## भाग-१

## कालिका गाउँपालिका

### कालिका गाउँपालिका संघ संस्था दर्ता ऐन, २०७८

कालिका गाउँपालिका भित्र गठन हुने संघ संस्थाको दर्ता र नविकरण प्रक्रिया व्यवस्थित गर्न स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ११ को उपदफा ४ को (ठ) को व्यवस्था कार्यन्वयन गर्न कालिका गाउँ गाउँपालिको दशौं गाउँ सभाले यो ऐन बनाएको छ ।

**१. संक्षिप्त नाम र प्रारम्भः** (१) यस ऐनको नाम "कालिका गाउँपालिका संघ संस्था दर्ता ऐन, २०७८" रहेको छ ।

(२) यो ऐन गाउँसभावाट पारित भएको मितिदेखि प्रारम्भ हुनेछ तर गाउँपालिकाबाट संचालनहुने आयोजना कार्यन्वयनका लागि गठित उपभोक्ता समितिको हकमा गाउँ कार्यपालिकाले तोकेको मिति देखि मात्र लागु हुनेछ ।

**२. परिभाषाः** (१) विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस ऐनमाः

(क) "गाउँपालिका" भन्नाले कालिका गाउँपालिका सम्झनुपर्छ ।

(ख) "कार्यपालिका" भन्नाले कालिका गाउँपालिकाको कार्यपालिका सम्झनुपर्छ ।

(ग) "अध्यक्ष" भन्नाले कालिका गाउँपालिकाको अध्यक्षलाई सम्झनुपर्छ ।

(घ) "संस्था" भन्नाले सामाजिक, धार्मिक, साहित्यक, सांस्कृतिक, शैक्षिक, वौद्धिक, स्वास्थ्य तथा शारीरिक, आर्थिक, व्यवसायिक तथा परोपकारी र सामाजिक कार्यहरुको साथै खेलकुद विकास, भौतिक पूर्वाधार निर्माण, सिंचाइ, खानेपानी तथा सरसफाइको विस्तार गर्ने उद्देश्यले स्थापना भएको संघ संस्था, क्लब, मण्डल, परिषद्, अध्ययन केन्द्र, उपभोक्ता समिति आदि सम्झनुपर्छ ।

(ङ) "स्थानीय अधिकारी" भन्नाले प्रमुख प्रशासकीय अधिकृतलाई सम्झनुपर्छ ।

(च) "कार्य समिति" भन्नाले संस्थाको विधान अनुसार गठन भएको कार्य समिति सम्झनुपर्छ ।

(छ) "कार्यक्षेत्र" भन्नाले कालिका गाउँपालिकालाई कार्यक्षेत्र बनाई मुख्य कार्यालय गाउँपालिका भित्र सञ्चालन भएको र उपभोक्ता समितिको हकमा सम्बन्धित आयोजनाको प्रभाव क्षेत्रलाई सम्झनुपर्छ ।

**३. दर्ता नगरी संस्था खोल्न नहुनेः** यस ऐन बमोजिम दर्ता नगरी कसैले पनि संस्था स्थापना गर्न हुँदैन ।

**४. संस्था दर्ताः** (१) सामाजिक संस्था स्थापना गर्न चाहने सात जना वा सो भन्दा बढी संख्याका व्यक्तिहरुले संस्था सम्बन्धी देहायको विवरण खुलाई अनुसूची १ बमोजिमको ढाँचामा तयार गरेको विधानको दुइ प्रति तोकिएको दस्तुर सहित अनुसूची २ को दाँचामा स्थानीय अधिकारी समक्ष निवेदन दिनुपर्नेछ । उपभोक्ता समितिको हकमा लाभग्राहीहरुको आमभेलाबाट सामाजिक समावेशीकरण लागुहुनेगरी छनौट भएका सात देखी एघार जना व्यक्तीहरुले अनुसुची १(क) बमोजिमको ढाँचामा तायार गरेको विधानको दुइ प्रति तोकिएको दस्तुर सहित अनुसूची २(क) को दाँचामा स्थानीय अधिकारी समक्ष निवेदन दिनुपर्नेछ ।

(२) दफा (१) बमोजिमको निवेदन प्राप्त भएपछि स्थानीय अधिकारीले आवश्यक जाँचबुझ गरी संस्था दर्ता गर्न उचित ठानेमा तोकिए बमोजिम राजश्व लिई अनुसूची-३ बमोजिमको दर्ता किताबमा संस्था दर्ता गर्नुपर्नेछ र त्यसरी संस्था दर्ता गरी सकेपछि अनुसूची-४ बमोजिमको दर्ताको प्रमाण-पत्र दिईनेछ ।

(३) स्थानीय अधिकारीले कुनै संस्था दर्ता नगर्ने निर्णय गरेमा सोको सूचना निवेदकलाई दिनुपर्नेछ । निर्णय चित्त नवुझेमा निवेदकले सूचना प्राप्त गरेको मितिले पैतीस दिनभित्र त्यस्तो निर्णय उपर अध्यक्ष समक्ष उजुर गर्न सक्नेछ ।

(४) उपदफा (३) बमोजिम उजुर प्राप्त भएपछि अध्यक्षले आवश्यक जाँचबुझ गरी त्यस्तो संस्था दर्ता गर्न मनासिव ठहराएमा सो संस्था दर्ता गर्ने स्थानीय अधिकारीलाई लिखित आदेश दिन सक्नेछ । त्यस्तो आदेश प्राप्त भएमा स्थानीय अधिकारीले कैफियत जनाइ संस्था दर्ता गरिदिनु पर्नेछ ।

(५) दफा ४ (२) बमोजिम दिइएको दर्ताको प्रमाण-पत्र एक आर्थिक वर्षसम्म मान्य हुनेछ ।

(६) संस्थाको दर्ता मान्य रहने अवधि समाप्त भएको मितिले तीन महिनाभित्र स्थानीय अधिकारीबाट तोकीएको दस्तुर तिरी दर्ताको प्रमाण-पत्र नवीकरण गराउनु पर्नेछ ।

(७) म्याद नाघेपछि कुनै संस्थाले त्यस्तो म्याद नाघी नवीकरण हुन नसकेको मनासिव कारण देखाई दर्ताको प्रमाण-पत्र नवीकरणको लागि निवेदन दिन आएमा स्थानीय अधिकारीले उपदफा (२) बमोजिम लाग्ने दस्तुरमा तोकिए बमोजिम थप जरिवाना लिई नवीकरण गर्न सक्नेछ ।

(८) दर्ताको प्रमाण-पत्र नवीकरण गर्ने संस्थाले निवेदन दिंदा कार्य समितिका पदिधकारीहरुको नामावली संलग्न गर्नु पर्नेछ ।

(९) गत आर्थिक बर्षको अडिट प्रतिवेदन र कर चुक्ता कगजात पेश नगरे सम्म संस्था नविकरण गरिने छैन ।

**५. संगठित संस्था मानिनेः** (१) यस ऐन अन्तर्गत दर्ता भएको संस्था अविच्छन्न उत्तराधिकारवाला स्वशासित र संगठित संस्था हुनेछ । सो संस्थाको आफ्नो एउटा छुट्टै छाप हुनेछ ।

(२) संस्थाले व्यक्ति सरह चल अचल सम्पति प्राप्त गर्न, उपयोग गर्न र बेचबिखन गर्न सक्नेछ ।

(३) संस्थाले व्यक्ति सरह आफ्नो नामबाट नालिस उजुर गर्न सक्नेछ र सो उपर पनि सोही नामबाट नालिस उजुर लाग्नेछ ।

**६. संस्थाको सम्पतिः** (१) संस्थाको सदस्य वा कर्मचारी लगायत कुनै व्यक्तिले संस्थाको विधान विपरित संस्थाको कुनै सम्पति दुरुपयोग गरेमा, कब्जा गरेमा वा रोक्का राखेमा कार्यपालिकाले त्यस्तो सम्पति दुरुपयोग गर्ने, कब्जा वा रोक्का राख्ने ब्यक्तिबाट संस्थालाई फिर्ता बुझाई दिन सक्नेछ ।

(२) उपदफा (१) बमोजिमको संस्थाको सम्पति फिर्ता गर्ने गरी कार्यपालिकाले गरेको कारबाहीमा चित्त नबुझेमा त्यस्तो कारबाही उपर जिल्ला अदालतमा पुनरावेदन दिन सकिनेछ ।

(३) संस्थाको सदस्य वा कर्मचारीले संस्थाको कुनै सम्पति वा लिखत वा प्रतिष्ठा विरुद्ध कुनै हानी नोक्सानी गरेमा सो ब्यक्ति विरुद्ध स्थानीय अधिकारीले प्रचलित कानून बमोजिम मुद्धा चलाउन सक्नेछ ।

(४) उपभोक्ता समिति प्रकृतिको संस्थाको हकमा सरकारी तथा गैरसरकारी संघ संस्थाहरुको सहयोग तथा साझेदारीमा निर्माण गरिएको, हस्तान्तरण भइ आएको पूर्वाधारलाइ समेत संस्थाको सम्पत्ती मानिनेछ र उक्त पूर्वाधार संरचनाको संरक्षण, सम्वर्द्धन र मर्मत सम्भारको जिम्मेवारी समेत सोही संस्थाको हुनेछ ।

**७. दर्ता नभई स्थापना भएका संस्थाले दर्ता गर्नु पर्नेः** (१) यो ऐन प्रारम्भ हुनुभन्दा अघि स्थापना भई प्रचलित कानून बमोजिम दर्ता नभई सञ्चालनमा रहेका संस्थाले पनि यो ऐन प्रारम्भ भएको मितिले ६ महिनाभित्र संस्था दर्ता गराउनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिमको अवधिमा दर्ता हुन नआउने संस्थालाई कार्यपालिकाले संस्थाको गतिविधिमा रोक लगाइ संस्थाको चलअचल सम्पति समेत रोक्का राख्न सक्नेछ ।

**८. संस्थाको नाम र उद्देश्यहरुमा हेरफेरः** (१) संस्थाको नाम र उद्देश्यहरुमा हेरफेर गर्न आवश्यक देखेमा वा सो संस्थालाई कुनै अर्को संस्थामा गाभ्न उचित देखेमा सो संस्थाको कार्य समितिले तत्स सम्बन्धी प्रस्ताव तयार गरी सो प्रस्तावउपर छलफल गर्न संस्थाको विधान बमोजिम साधारण सभा बोलाउनु पर्नेछ । साधारण सभामा उपस्थित सदस्य संख्याको दुई तिहाई सदस्यहरुले प्रस्तावमा समर्थन जनाएमा सो प्रस्ताव साधारण सभाबाट पारित भएको मानिनेछ ।

(२) उद्देश्य हेरफेर सम्बन्धी प्रस्ताव लागू गर्न स्थानीय अधिकारीको पूर्व स्वीकृति लिनु पर्नेछ ।

**९. हिसाब विवरण पठाउनुपर्नेः** कार्य समितिले आफ्नो संस्थाको हिसाबको विवरण लेखा परीक्षकको प्रतिवेदन सहित प्रत्येक आर्थिक वर्ष समाप्त भएको प्रथम चौमासिक अवधीभित्र स्थानीय अधिकारी कहाँ पठाउनु पर्नेछ ।

**१०. हिसाव जाँच गर्नेः** (१) स्थानीय अधिकारीले आवश्यक देखेमा संस्थाको हिसाब आफूले नियुक्ति गरेको कुनै अधिकृतद्वारा जाँच गराउन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम हिसाब जाँच गराए वापत स्थानीय अधिकारीले हिसाब जाँचबाट देखिन आएको संस्थाको मौज्दात रकमको सयकडा दुई प्रतिशतमा नबढाइ आफूले निर्धारित गरेको दस्तूर हिसाव जाँच गर्ने अधिकृतको पारिश्रमिकको रुपमा असूल गरी लिन सक्नेछ ।

(३) हिसाब जाँच गर्ने अधिकृतले मागेको विवरण तथा कागजपत्रहरु वा सोधेको प्रश्नको जवाफ दिनु संस्थाका पदाधिकारी, सदस्य र कर्मचारीको कर्तव्य हुनेछ ।

(४) हिसाब जाँच गर्ने अधिकृतले स्थानीय अधिकारीले तोकिदिएको म्याद भित्र हिसाब जाँचको प्रतिवेदन स्थानीय अधिकारीसमक्ष पेश गर्नु पर्नेछ र सो प्रतिवेदनको आधारमा संस्थाको कुनै सम्पति सो संस्थाको कुनै पदाधिकारी, सदस्य वा कर्मचारीले हिनामिना गरेको, नोक्सान गरेको वा दुरुपयोग गरेको छ भन्ने स्थानीय अधिकारीलाई लागेमा निजले त्यस्तो पदाधिकारी सदस्य वा कर्मचारीबाट सो हानी नोक्सानी असुल गर्न प्रचलित कानून बमोजिम कारवाई चलाउन सक्नेछ । तर प्रचलित कानूनले सजाय समेत हुने अपराध भएकोमा प्रचलित कानून बमोजिम मुद्धा चलाउन सक्नेछ ।

**११. निर्देशन दिनेः** कार्यपालिकाले संस्थालाई स्थानीय अधिकारी मार्फत आवश्यक निर्देशन दिन सक्नेछ र त्यस्तो निर्देशनको पालना गर्नु सम्बन्धित संस्थाको कर्तव्य हुनेछ ।

**१२. दण्ड सजायः** (१) दफा ४ बमोजिम दर्ता नगराई संस्था स्थापना गरेमा वा दफा ७ बमोजिम दर्ता नगरी संस्था संचालन गरेमा त्यस्तो संस्थाका कार्य समितिका सदस्यहरुलाई कार्यपालिकाले जनही पाँच हजार रुपैयाँसम्म जरिवाना गर्न सक्नेछ ।

(२) दफा (९) बमोजिम हिसाबको विवरण नपठाएमा कार्य समितिका सदस्यहरुलाई स्थानीय अधिकारले जनही एक हजार रुपैयाँसम्म जरीवाना गर्न सक्नेछ ।

तर कुनै सदस्यले दफा (९) उल्लघंन हुन नदिन सकभर प्रयत्न गरेको थियो भन्ने सन्तोष हुने प्रमाण पेश गर्न

सकेमा निजलाई सजाय गरिने छैन ।

(३) दफा (१०) को उपदफा (३) बमोजिम हिसाब जाँच गर्ने सम्बन्धित अधिकृतले मागेको विवरण तथा कागजपत्रहरु वा सोधेको प्रश्नको जवाफ नदिने सम्बन्धित पदाधिकारी, सदस्य वा कर्मचारीलाई स्थानीय अधिकारीले एक हजार रुपैयाँसम्म जरिवाना गर्न सक्नेछ ।

(४) दफा (८) बमोजिम स्थानीय अधिकारको स्वीकृति नलिई संस्थाको उद्देश्यमा हेरफेर गरेमा वा अर्को संस्थासँग गाभेमा वा संस्थाले आफ्नो उद्देश्यको प्रतिकूल हुने गरी काम कारवाही गरेमा वा कार्यपालिकाले दिएको निर्देशन पालन नगरेमा स्थानीय अधिकारीले त्यस्तो संस्थाको दर्ता निलम्बन गर्न वा खारेज गर्न सक्नेछ ।

**१३. पुनरावेदनः** दफा १२ बमोजिम स्थानीय अधिकारीले गरेको अन्तिम निर्णय उपर पैंतीस दिनभित्र जिल्ला अदालतमा पनुरावेदन लाग्नेछ ।

**१४. संस्थाको विघटन र त्यस्तो परिणामः** (१) तीन वर्षसम्म नवीकरण नगरी निष्कृय रहने संस्थालाई कार्यपालिकाले विघटन गर्न सक्नेछ । कार्यपालिकाले संस्था विघटनको निर्णय गर्नु अघि त्यस्तो संस्थाको प्रमुखलाई नवीकरण गर्न मौका प्रदान गर्न सक्नेछ ।

(२) संस्थाको विधान बमोजिम कार्य सञ्चालन गर्न नसकी वा अन्य कुनै कारणवश संस्था विघटन भएमा त्यस्तो संस्थाको सम्पूर्ण जायजेथा गाउँपालिकामा सर्नेछ ।

(३) उपदफा (१) बमोजिम विघटन भएको संस्थाको दायित्यको हकमा सो संस्थाको जायजेथाले खामेसम्म त्यस्तो दायित्व गाउँपालिकाले व्यहार्नेछ ।

**१५. दर्ता तथा नविकरण भएको मानिने :** साविकमा प्रचलित कानून बमोजिम दर्ता तथा नविकरण भएका संस्था यसै ऐन बमोजिम दर्ता तथा नविकरण भएको मानी सो को अभिलेख स्थानीय अधिकारीले खडागरी यसै ऐन बमोजिम नियमित गर्नु पर्नेछ ।

**१६. अन्य नेपाल ऐन बमोजिम दर्ता वा स्थापना गर्नुपर्नेः** कुनै संस्थाको दर्ता वा स्थापना गर्ने सम्बन्धमा अर्को नेपाल ऐनमा छुट्टै व्यवस्था भएकोमा यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भएतापनि त्यस्तो संस्था सोही ऐन बमोजिम दर्ता वा स्थापना गर्नुपर्नेछ ।

## अनुसूची-१

## सामाजिक संघ संस्था दर्ताको आवश्यक विधानको नमुना ढाँचा

श्री ..................................................को विधान

२०७८

प्रस्तावना

..............................................................

परिच्छेद-१

(नाम र प्रारम्भ)

**१. संक्षिप्त नाम र प्रारम्भः-**

१) यो संस्थाको नाम श्री...............................................................रहनेछ ।

२) यो विधान स्थानीय अधिकारीबाट दर्ता भई स्वीकृत भएको मिति देखि लागू हुनेछ ।

२. **परिभाषाः-** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा, यस विधानमा

१) “विधान” भन्नाले श्री .......................................को विधानलाई जनाउने छ ।

२) “संस्था” भन्नाले श्री...........................................लाई सम्झनु पर्दछ।

३) "सदस्य" भन्नाले यस संस्थाको विधान बमोजिम सदस्यता प्राप्त गरेका व्यक्तिलाई सम्झनु पर्दछ।

४) "कार्य समिति" भन्नाले यस विधान बमोजिम निर्वाचित कार्यकारणी समितिलाई सम्झनु पर्नेछ ।

५) " पदाधिकारी" भन्नाले विधान बमोजिम निर्वाचित संस्थाको अध्यक्ष, उपाध्यक्ष, सचिव, सहसचिव, कोषाध्यक्ष र कार्यसमितिका सदस्यहरु र अन्य कुनै पद ग्रहण गर्ने व्यक्तिलाई सम्झनु पर्दछ ।

६) "साधारणसभा" भन्नाले यस संस्थाको सबै प्रकारको सदस्यता प्राप्त गरेका सम्पूर्ण सदस्यहरुको भेलालाई सम्झनु पर्दछ ।

७) "कोष" भन्नाले यस श्री ..........................................आर्थिक कोषलाई जनाउनेछ ।

८) "संस्थापन सदस्य" भन्नाले संस्था स्थापनाकालमा बनेको विधानमा रहेका तदर्थ समितिका पदाधिकारीलाई सम्झनु पर्छ ।

९) तोकिए बमोजिम भन्नाले कालिका गाउँपालिकाको संस्था दर्ता तथा नविकरण ऐन २०७८ र यस विधानको परिधिभित्र रही साधारणसभाको निर्णयले तोकेको प्रकियालई जनाउनेछ ।

१०) "स्थानीय अधिकारी" भन्नाले गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृतलाइ सम्झनु पर्छ ।

**३. संस्थाको वैधानिकता तथा स्थापनाः-**

१) यो संस्था अविछिन्न उत्तराधिकारीवाला स्वशासित, संगठित, सामाजिक, गैर राजनीतिक र गैरसरकारी संस्था हुनेछ ।

२) यस संस्थाले व्यक्ति सरह चल अचल सम्पति आर्जन गर्न सक्ने, दान दातव्य दिन वा लिन सक्ने र धितो जमानत राख्न बेचविखन वा अन्य कुनै तरिकाले हकभोग वा हक हस्तान्तरण गर्न सक्नेछ ।

३) यस संस्थाले व्यक्तिसरह कसै उपर नालिस उजुर गर्न र मुद्दा मामिला सम्बन्धी सम्पूर्ण कार्य गर्न सक्नेछ । यस संस्था उपर पनि व्यक्ति सरह नालिस उजुर लाग्नेछ ।

**४. प्रचलित कानून बमोजिम हुनेः-**

१) यो विधान कालिका गाउँपालिकाको संस्था दर्ता तथा नविकरण कार्यविधी २०७८ र प्रचलित नेपाल कानूनको अधिननस्थ रहने छ । यस संस्थाले नेपाल सरकारको नीति निर्देशनको परिधी भित्र रही कार्य सम्पादन गर्नेछ ।

२) यो संस्था मुनाफारहित नजहितकारी संस्था हुनेछ ।

३) यस संस्थाको उद्देश्य अनुसार आफ्नो अधिकारको प्रयोग गर्दा अरुको हक अधिकारमा असर पर्ने वा पारिने गरी अधिकारको प्रयोग गरिने छैन ।

४) यस संस्थाले कुनै प्रकारको सिण्डिकेट र कार्टेलिङ्ग गरने छैन ।

**५. कार्य क्षेत्रः-**

यस संस्थाको कार्यक्षेत्र कालिका गाउँपालिका भर हुनेछ । आवश्यकता अनुसार अन्य स्थानमा कार्यालय वा कार्यक्षेत्र बढाउनु परेमा सम्बन्धित जिल्ला प्रशासन कार्यालयको स्वीकृति लिई कार्य क्षेत्र बढाइने छ ।

**६. यस संस्थाको कार्यालय रहने स्थानः-** यस संस्थाको कार्यालय कालिका गाउँपालिकाको वडा नं. .....मा रहनेछ।

**७. संस्थाको छाप र चिन्हः-** यस संस्थाको छाप अनुसूची-१ बमोजिम हुनेछ ।

## परिच्छेद-२

## उद्देश्य

**८. प्रचलित कानूनको अधिनमा रहि यस संस्थाको देहाय बमोजिम उद्देश्य हुनेछनः-**

१) यस संस्थाको उद्देश्य देहाय बमोजिम हुनेछ ।

(क) यो संस्था मुनाफा रहित, जनहितकारी सामाजिक संस्था हुनेछ ।

(ख) ..............................

(ग) ..................................

**२) संस्थाको उद्देश्य प्राप्त गर्न गरिने कामहरुः**

१) संस्थाले प्रचलित नेपाल कानून बमोजिम सम्बन्धित निकायबाट अनुमति वा इजाजत प्रापत गरी मात्र आफ्ना उद्देश्यहरु कार्यान्वयन गर्नेछ ।

२) संस्थालाई आवश्यक पर्न भवन निर्माण गर्ने, भाडा वा लिजमा लिने, कम्प्युटर, टेलिफोन, फ्यास जस्ता कार्यालय सामान तथा सवारी साधन खरिद गर्न वा भाडामा लिई प्रयोग गर्नेछ ।

३) संस्थालाई आवश्यक पर्ने कर्मचारी नियुक्त गर्ने र सेवा शर्तहरु निर्धारण गर्नेछ ।

## परच्छेद -३

## (सदस्यता)

**९. संस्थाको सदस्य हुन योग्यताः-**

१) धर्म, वर्ण लिङ्ग जातजाती र सम्प्रदायको भेदभावबाट मुक्त रहेको ।

२) सामाजिक सेवा भावना भएको व्यक्ति,

३) १६ वर्षको उमेर पुरा भएको नेपाली नागरिक ।

४) कानूनले अयोग्य नठहरेको ।

५) मगज नविग्रिएको व्यक्ति ।

**१०. सदस्यता सम्बन्धी व्यवस्था र सदस्यताको वर्गीकरणः-**

**१) साधारण सदस्यः**

यस विधानको दफा ९ बमोजिम योग्यता पुगेको कुनै पनि नेपाली नागरिकले संस्थाको विधान स्वीकार गरी आवेदन गरेमा संस्थाको नियमानुसार सदस्यता प्राप्त गर्ने व्यक्तिहरु साधारण सदस्य हुनेछन् ।

**२) आजिवन सदस्यः**

संस्थाको विकासको लागि वशेष सहयोग पुऱ्याउने व्यक्तिहरुलाई संस्थाको नियमानुसार आजीवन सदस्यता प्रदान गरिनेछ ।

**३) संस्थापक सदस्यः**

यस संस्था दर्ता हुँदाको बखतका तदर्थ समितिका पदाधिकारीहरु यस संस्थाको संस्थापक सदस्य रहनेछन् ।

**४) सम्मानार्थ सदस्यः**

संस्थाले उपयुक्त ठहर गरेको विशिष्ठ समाजसेवी तथा प्रतिष्ठित स्वदेशी वा विदेशी नागरिकलाइ संस्थाको सम्मानार्थ सदस्य प्रदान गर्न सक्नेछ तर मानार्थ सदस्यहरुको मताधिकार रहने छैन ।

**११. सदस्यता शुल्क र सदस्यता प्रदान गर्ने विधिः-**

**१) साधारण सदस्यः**

**(क)** साधारण सदस्यता प्राप्त गर्न चाहने व्यक्तिले प्रवेश शुल्क........../- बुझाई तोकिएको प्रकृया अनुसार आवेदन पेश गर्नेलाई कार्यसमितिको निर्णयले साधारण सदस्यता प्रदान गर्न सक्नेछ ।

**(ख)** त्यस्ता साधारण सदस्यता वार्षिक नविकरण शुल्क ......../- बुझाउनु पर्नेछ ।

**(ग)** साधारण सदस्य प्राप्त गर्ने सदस्यले प्रत्येक वर्ष चैत्र महिनाको मसान्त भित्र नविकरण गराई सक्नु पर्नेछ र त्यसपछि हकमा तोकिए बमोजिम थप दस्तुर बुझाई नविकरण गर्न सक्नेछ ।

**२) आजिवन सदस्यः**

संस्थामा एकमुष्ठ रु………… बुझाई तोकिएको प्रकृया अन्तर्गत आवेदन दिने व्यक्तिहरुलाई कार्यसमितिको निर्णयले आजीवन सदस्यता प्रदान गर्न सक्नेछ ।

३) **संस्थापक सदस्यः**

**(क)** संस्था दर्ता हुँदाको वखतका तदर्थ समितिका पदाधिकारीहरु यस संस्थाको संस्थापक सदस्य रहनेछन्।

**(ख)** संस्थापक सदस्यहरुको शुरुमा संस्था दर्ता गर्दाको वखत संस्था दर्ता भएको मितिले १ महिना भित्र एकमुष्ठ रकम रु………. बुझाउनु पर्नेछ ।

४) **सम्मानार्थ सदस्यः-**

**(क)** साधारणसभाको निर्णयले उपयुक्त ठहर गरेको विशिष्ठ समाजसेवा र प्रतिष्ठित स्वदेशी वा विदेशी नागरिकहरुलाई मानार्थ सदस्यता प्रदान गर्न सकिनेछ ।

**(ख)** मानार्थ सदस्यहरु उम्मेदवार तथा मताधिकार हुने छैन ।

५) कुनै आवेदकलाई सदस्य नदिने निर्णय गरेमा सो को कारण सहितको जानकारी आवेदकलाई दिइनेछ ।

६) सबै सदस्यहरुले यस विधान र विधान अन्तर्गत वनेको नियम विनियम वमोजिम भएको व्यवस्थाको पालना गर्नु पर्नेछ ।

७) संस्थाले प्रदान गरेको सबै प्रकारका सदस्यहरुको तोकिएको ढाँचामा छुटै अभिलेख पुस्तिका रहनेछ ।

**१२. संस्थाको सदस्य नियुक्ति हुन वा वहाल रहने नसक्ने अवस्थाः-**

१) गैह्र नेपाली नागरिक र १६ वर्ष उमेर पुरा नगरेको,

२) दामासाहिमा परेको ।

३) कुनै चोरी, ठगी, किर्ते वा जालसाजी गरेको वा आफ्नो जिम्माको धनमाल अनाधिकृत तवरले मासेको वा दुरुपयोग गरेको वा भ्रष्टाचार गरेको अभियोगमा अदालतबाट कसुरदार ठहरी सजाय पाई सजाय पाएको दुइ वर्ष भित्र,

४) जवरजस्ती करणीको अभियोगमा अदालतबाट दोसी ठहर भइ सजाय भूक्तान भएको पाँच बर्ष भित्र,

५) सदस्यको मृत्यु भएमा ।

६) संस्था नविकरण नगराएमा ।

७) सदस्यबाट लिखित राजिनामा दिई स्विकृत भएमा ।

८) विधानमा उल्लेखित सदस्यता सम्बन्धी योग्यता नभएको भनी कुनै सदस्यबाट आरोप लागि प्रमाणित भएमा ।

९) संस्थाको उद्देश्य नीति कार्यक्रम र हित विपरीत कार्य गरेमा सदस्यता खारेज गर्न भनी साधारण सभाले निर्णय गरेमा ।

**१३. सदस्यता समासीः-** देहायको अवस्थामा कुनै व्यक्ति संस्थको सदस्यता वहाल रहने छैन ।

(क) साधारणसभाको दुइ तिहाइ सदस्यहरुको वहुमतले संस्थाको सदस्य पदबाट हटाउने प्रस्ताव पारित गरेमा ।

(ख) सदस्यले आफ्नो पदबाट दिएको दिउको राजिनामा स्वीकृत भएमा ।

(ग) संस्थाको काम कारवाहीमा वेइमानी वा वदनियत गरेको कुरा अदालतबाट प्रमाणित भएमा ।

(घ) यस विधान बमोजिम संस्थाले गर्न नहुने भनी तोकिएको कुनै कार्य गरेमा ।

(ङ) सदस्य शुल्क बुझाउन बाँकी भएमा ।

(च) संस्था विघटन वा खारेज भएमा ।

## परिच्छेद- ४
## (साधारण सभा तथा कार्यसमितिको व्यवस्था)

**१४. साधारण सभाको गठनः-**

(क) यस संस्थाको विधानको दफा १० अनुसार सदस्यता प्राप्त गर्ने मानार्थ सदस्यहरु बाहेक अन्य सदस्यहरुकबाट संस्थाको साधारण सभा गठन हुनेछ । मानार्थ सदस्यहरु आमन्त्रित हुनेछन् । साधारणसभा संस्थाको सर्वोच्च अंग हुनेछ ।

(ख) यस संस्थाको साधारण सभा देहाय बमोजिम हुनेछ ।

१. वार्षिक साधारण सभा

२. विशेष साधारण सभा

**१. वार्षिक साधारण सभा**

- ❖ यस संस्थाको साधारण सभा कम्तीमा वर्षमा एक पटक बस्नेछ ।
- ❖ साधारण सभाको अध्यक्षता तत्काल कायम रहेको कार्य समितिको अध्यक्षले गर्नेछन् अध्यक्ष अनुपस्थित रहेमा उपाध्यक्ष र उपाध्यक्ष पनि अनुपस्थित रहेमा तत्काल उपस्थति जेष्ठ सदस्यले सभाको अध्यक्षता गर्नेछन् ।
- ❖ साधारण सभाको निमित्त गणपुरक संख्या यस संस्थाका सम्पूर्ण सदस्य संख्यको ६०% प्रतिशत हुनेछ । प्रथम पटक वोलाइएको सभामा गणपुरक संख्या नपुगे दोश्रो पटक वोलाउनु पर्नेछ, दोश्रो पटकको वोलाइएको सभामा ५१% गणपुरक संख्या हुनुपर्नेछ तर दोश्रो पटकमा पनि गणपुरक संख्या नपुगेमा तेश्रो पटकको वैठकमा जति उपस्थितिलाई गणपुरक मानी सभा  बस्नेछ ।
- ❖ सभाका प्रस्तावहरु दफा १३ (क) को प्रस्ताव बाहेक सभामा उपस्थित सदस्यको साधारण वहुमतबाट पारित हुनेछन् ।
- ❖ यस संस्थाले प्रथम वार्षिक साधारण सभा संस्था स्थापना भएको आ.व. समाप्त भएको  मितिले दुई महिना भित्रमा गरनेछ र त्यस पछिको वार्षिक साधारण सभाहरु आर्थिक वर्ष समाप्त भएको मितिले दुई महिना भित्र गरिनेछ ।
- ❖ साधारण सभा गर्नका लागि सचिवले कम्तिमा सात दिनमा अगावै र विशेष सभाको लागि कम्तिमा तिन दिन अगावै सभा हुने मिति, समय, स्थान  र छलफल गर्ने विषय एजेण्डा खोली सम्पूर्ण सदस्य तथा पदाधिकारीहरुलाई सूचना दिइनेछ ।

**२. विशेष साधारण सभाः**

- ❖ संस्थाको कुल सदस्य संख्याको १/४ (एक चौथाई) सदस्यहरुले कारण जनाई विशेष साधारण सभा माग गरेमा विशेष साधारण सभा कार्यसमितिले कम्तीमा ७ दिन भित्र अनिवार्य रुपमा बोलाउनुपर्नेछ ।
- ❖ साधारण सभा वा  विशेष सभा बसेको ६ महिना नविती पुनः अर्को विशेष साधारण सभा बस्न सक्नेछैन ।

**१५. विशेष साधारण सभाको अधिकारः-**

१. विशेष साधारण सभामा सदस्यहरुले कारण जनाइ विशेष साधारण सभा माग गर्दा पेश गरेको प्रस्तावको अतिरिक्त विधान सिंशोधन र अविश्वासको प्रस्तावमा छलफल र निर्णय गर्ने अधिकार  हुनेछ ।

२. आवश्यक परेको अवस्थामा कुनै आकस्मिक निर्णय पारित गर्न सक्नेछ ।

३. विशेष साधारण सभामा दुइ तिहाइ सदस्य संख्यको बहुमतबाट निर्णयहरु पारित हुनेछन् ।

**१६. साधारण सभाको काम कर्तव्य र अधिकारः-**

१. यस संस्थाको कार्य समितिको गठन गर्ने ।
२. कार्यसमितिले सभामा पेश गरेको वार्षिक बजेट पारित गर्ने ।
३. कार्य समितिले पेश गरेको कार्य सूचीको प्रस्ताव माथि छलफल र निर्णय गर्ने ।
४. कार्य समितिको कामको मूल्यांकन र भावी कार्यक्रमको निर्धारण गर्ने ।
५. संस्थाको आचरण अनुसार काम नगर्ने कार्य समितिका पदाधिकारी तथा यस संस्थाका सदस्यहरुकलाई अनुशासनको कारवाही गर्ने ।
६. यस विधानको अधिनमा रही नियम विनियमहरुको निर्माण गर्ने ।
७. यस विधानको अधिनमा रही कसैको कार्य क्षेत्र नतोकिएको अन्य सबै काम गर्ने ।
८. विधानले तोकेका अन्य काम गर्ने संस्थाको साधारण सदस्यहरुको काम, कर्तव्य, अधिकार तोक्ने ।
९. साधारण सभा र विशेष साधारण सभाको छुट्टा छुट्टै निर्णय पुस्तिका राख्ने ।

**१७. कार्यसमितिको गठनः-**

१. यस संस्थाको कार्य संचालन गर्न साधारण सभाद्वारा गठित एक कार्यसमिति गठन गरिनेछ ।
२. कार्य समितिमा अध्यक्ष-१, उपाध्यक्ष-१, सचिव-१, सहसचिव-१, कोषाध्यक्ष-१ र निर्वाचित सदस्यहरु- आवश्यकता अनुसार सात देखी एघार जना सदस्यहरु निर्वाचित हुन्छन् । कार्य समितिको वैठक कार्य समितिका अध्यक्षको अध्यक्षतामा कम्तीमा महिनाको १ पटक वस्नेछ ।
३. कार्य समितिको पदावधी गठन भएको मितिले २ वर्ष सम्म हुनेछ ।

**१८. कार्यसमितिको वैठकः-**

१. कार्य समितिको वैठक समितिका अध्यक्षताको निर्देशन र निजको अध्यक्षतामा आवश्यकतानुसार वस्नेछ ।
२. वैठकको निमित्त गणपुरक संख्या समितिको सदस्य संख्याको ५१ प्रतिशत हुनेछ ।
३. बैठकमा उपस्थित सदस्य संख्याको साधारण बहुमतबाट कार्य समितिका बैठकका निर्णयहरु पारित हुनेछन् ।

**१९. कार्य समितिको पद रिक्त हुने अवस्थाः-**

१.कुनै कारणवस संस्थाको सदस्यता नरहेमा ।
२.कुनै सदस्य उपर प्रस्तावित अविश्वासको प्रस्ताव पारित भएमा ।
३.लिखित राजिनामा दिई स्विकृत भएमा ।
४.निजको मृत्यु भएमा ।
५.सार्वजनिक सम्पत्ति हिनामिन गरेको भनी अदालतबाट दोषि ठहर भएमा ।
६.सूचना पाएर पनि विना सूचना लगातार ३ पटकसम्म कार्य समितिको वैठकमा अनुपस्थित रहेमा ।
७.कूनै पनि फौज्दरी अभियोगमा अदालतबाट कसुरदार ठहरिएमा ।
८.पदावधि समाप्त भएमा ।

**२०. राजिनामाः-**

१. यस संस्थाको कार्य समितिको अध्यक्षताले यस संस्थाको साधारण सभा समक्ष र कार्य समितिका अन्य पदाधिकारीहरुले अध्यक्ष समक्ष लिखित राजिनामा दिनु पर्दछ ।
२. कार्यसमितिका अन्य पदाधिकारीहरुले दिएको राजिनामा अध्यक्षले स्विकृत गर्न सक्नेछ ।

**२१. कार्यसमितिको पदपूर्तीः-**

१. कार्यसमितिको अध्यक्षको पद स्थायी रुपले खाली एमा खाली भएको ३ महिना भित्र कार्य समितिका

सबै पदाधिकारीहरुको स्थान निर्वाचनद्वारा पूर्ति गरिनेछ । निर्वाचन नभएसम्म कायम रहेकै कार्य समितिले कार्य संचालन गर्नेछ ।

२. कार्य समितिका अन्य पदाधिकारीहरुको स्थान रिक्त हुन आएमा कार्य समितिको बैठकको निर्णयबाट साधारण सदस्यहरु मध्येबाट मनोनयन गरिनेछ ।

३. मनोनित सदस्यको स्थान रिक्त हुन आएमा कार्य समितिका अध्यक्षले यस संस्थाका सदस्यहरु मध्येबाट सदस्यता पदमा मनोनित गर्नेछन् ।

**२२. कार्यसमितिको काम कर्तव्य र अधिकारः-**

१. प्रत्येक आर्थिक वर्षको संस्थाको भावी कार्यक्रम, वार्षिक बजेट, चालु वर्षको आय व्यय विवरण, आउदो आर्थिक वर्षको निमित्त आय व्ययको अनुमानित वजेट तथा प्रगति प्रतिवेदन साधारण सभामा पेशगर्ने ।

२. संस्थाको विकास र विस्तारको निमित्त साधारण सभाको वहुमत लिएर योजना तर्जुमा र कार्यान्वयन गर्ने गराउने ।

३. सभाबाट पारित कार्यक्रमहरुको कार्यान्वयन गर्ने ।

४. संस्थाको सदस्यहरुको अभिलेख अध्यावधिक राख्ने ।

५. संस्थाको प्रतिनिधित्व गराउन आवश्यक प्रतिनिधि तोक्ने ।

६. संस्थाको अहित हुने कार्यमा संलग्न भएको सदस्यलाई पदबाट निलम्वन गर्ने ।

७. संस्थाको सम्पूर्ण सम्पतिको नियन्त्रण संरक्षक र सम्वर्धन गर्ने ।

८. संस्थाको आर्थिक लेखा परीक्षण गराई लेखा परिक्षण प्रतिवेदन सम्बन्धित निकायमा पेश गर्ने ।

९. अन्य संघ संस्थाहरुसंग सम्पर्क राखि सहयोग अदान प्रदान गर्ने ।

१०. यस संस्थाको विधानले तोकेको अन्य काम गर्ने ।

**परच्छेद-५**

**२३. पदाधिकारीको काम, कर्तव्य र अधिकारः-**

**(क) अध्यक्ष**

(क) कार्यसमिति एवं साधारण सभा तथा संस्थाको काम कार्यवाही सम्बन्धमा प्रतिनिधित्व गर्नेगराउने ।

(ख) कार्यसमितिको वैठकको अध्यक्षता गर्ने ।

(ग) साधारण सभा र कार्यसमितिद्वारा गरिएको निर्णय कार्यान्वयन गराउने ।

(घ) बैंक खाता संचालन गर्ने ।

(ङ) कार्यसमितिका सदस्यहरुको राजीनामा स्वीकृत गर्ने ।

(च) माग फाराम स्वीकृत गर्ने र वील भौचर प्रमाणित गर्ने तथा सम्पूर्ण सम्पतिको रेखदेख र संरक्षण गर्ने ।

(छ) कार्यसमितिको स्वीकृति लिई कुनै कर्मचारी नियुक्ति गर्ने वा हटाउने ।

(ज) पदाधिकारी, सदस्यहरु तथा कर्मचारीहरुमा कामको बाँडफाँड गर्ने ।

(झ) संस्थाको हितको लागि सम्पूर्ण काम गर्ने ।

**(ख) उपाध्यक्ष**

(क) अध्यक्षको अनुपस्थितिमा निजबाट गर्नुपर्ने सम्पूर्ण कार्य गर्ने ।

(ख) अध्यक्षको काममा सहयोग गर्ने ।

**(ग) सचिवः**

(क) साधारण सभा तथा कार्यसमितिले गरेको निर्णयको माइन्युट लेखी सुरक्षित राख्ने ।

(ख) अध्यक्षले लगाएको काम गर्ने ।

(ग) प्रशासनिक काम गर्ने ।

(घ) संस्थाको सम्पतिको संरक्षण गर्ने ।

**(घ) सह सचिवः**

(क) सचिवको अनुपस्थितिमा सचिवको कार्यभार सम्हाल्ने र सचिवलाई सहयोग गर्ने ।

(ख) अध्यक्षको आदेशानुसार संस्थको हितमा अन्य काम गर्ने ।

**(ङ) कोषाध्यक्षः**

(क) आम्दानी खर्चको लेखा राख्ने र लेखा परीक्षण गराउने ।

(ख) आर्थिक प्रशासनीक काममा सहयोग गर्ने ।

(ग) वार्षिक वजेट तयार गरी अध्यक्ष समक्ष पेश गर्ने ।

(घ) आयश्रोतको खोजी गर्ने ।

(ङ) कार्यसमितिको निर्णयानुसार संस्थाको आर्थिक लेखापरिक्षण गराई सम्बन्धित स्थानमा लेखा परीक्षण प्रतिवेदन पेश गर्ने ।

**(च) सदस्यहरुः**

(क) आफ्नो क्षेत्र भित्रका कुनै पनि समस्या रेखदेख गरी यथार्थ कुराहरु समितिमा पेश गर्न र राम्रो सरसल्लाह तथा सुझाव दिने ।

(ख) संस्थाको हितको लागि सकृय रहेन ।

(ग) विधानमा तोकिएका अन्य कामहरु गर्ने ।

## परिच्छेद-६

## (आर्थिक व्यवस्था)

**२४. यस संस्थाको एउटा छुट्टै कोष हुनेछ र सो कोषमा देहाय बमोजिमको प्राप्त रकमहरु आर्थिक श्रोत हुनेछः-**

(क) संस्थाको स्वआर्जनबाट कमाएको साथै विभिन्न कार्यक्रम संचालन गरी आर्जन गरेको रकम ।

(ख) सदस्यता प्रवेश शुल्क, वार्षिक/मासिक सदस्यता नविकरण शुल्कबाट जम्मा हुने रकम ।

(ग) कसैले स्वइच्छाले दिएको अनुदान, सहायता वापत प्राप्त रकम ।

(घ) संस्थाको चल अचल सम्पति वा अन्य वस्तुको विक्रीबाट प्राप्त रकम ।

(ङ) नेपाल सरकारबाट हुने आर्थिक सहयोग दान उपहार आदि ।

(च) नेपाल सरकार/समाज कल्याण परिषद्को पूर्व स्वीकृति लिएर यस संस्थालाई राष्ट्रिय तथा अन्तराष्ट्रिय संघ संस्था वा व्यक्तिबाट प्राप्त सहयोग, अनुदान आदि ।

(छ) अन्य श्रोतबाट संस्थाले प्राप्त गरेको रकमहरु ।

**२५. खाताको संचालनः-**

संस्थाको वैंक खाता अध्यक्ष, सचिव वा अध्यक्ष र कोषाध्यक्षको संयुक्त दस्तखतबाट संचालन हुनेछ र सो को प्रचलित ऐन नियम अनुसार खर्च गर्ने तथा खर्चको श्रेस्ता राख्ने व्यवस्था गरिनेछ ।

**२६. कोषको रकम खर्च गर्ने तरिकाः-**

(क) यस संस्थाको कोषमा जम्मा भएको रकम खर्च गर्दा देहाय वमोजिम तरिका अपनाई खर्च गरिनेछ।

(ख) संस्थाको वार्षिक वजेट योजना र कार्यक्रम स्वीकृत नगरी कोषबाट खर्च सकिने छैन तर संस्थाको हित प्रवर्धन गर्न विशेष शर्त तोकी प्राप्त भएको रकम सोही शर्त वमोजिम खर्च गर्न बाधा पर्ने छैन ।

(ग) साधारण सभाबाट पारित वजेट र कार्यक्रमको अधिनमा रही कोषबाट रकम खर्च गर्न सकिनेछ ।

कोषको रकम खर्च गर्दा तोकिए वमोजिम खर्च गर्नु पर्नेछ ।

**२७. संस्थाको लेखा र लेखापरिक्षणः-**

(क) कार्यसमितिले आय व्ययको विवरण रितपूर्वक राख्नु पर्नेछ।

(ख) एक आर्थिक वर्ष पुरा भएपछि प्रचलित कानून वमोजिम रजिष्टर्ड लेखापरिक्षकद्वारा लेखापरीक्षण गराइनेछ ।

(ग) नेपाल सरकार वा स्थानीय अधिकारीले चाहेमा जुनसुकै वखतमा पनि आफै वा मातहतका कर्मचारीहरु खटाई संस्थाको हरहिसाव किताव जाँच गर्न गराउन सक्नेछ ।

(घ) लेखा परीक्षकको नियुक्ति साधारण सभाबाट हुनेछ तर प्रथम वार्षिक साधारण सभा नभए सम्म लेखा परिक्षकको नियुक्ति कार्य समितिबाट हुनेछ ।

(ङ) संस्थाको लेखा परिक्षण प्रतिवेदन र वार्षिक कार्य प्रगति विवरणको १/१ प्रति स्थानीय अधिकारी, जिल्ला समन्वय समिति, समाज कल्याण परिषद् र अन्य सम्बन्धित निकायमा पेश गरिनेछ ।

(च) संस्थाको सम्पूर्ण जिन्सी सामानहरुको रेकर्ड राख्नु पर्नेछ ।

(छ) संस्थाको कार्यसमितिले आय व्ययको विवरण रितपूर्वक राख्नु पर्नेछ ।

(ज) पद हस्तान्तरणको क्रममा रितपूर्वक बरबुझारथ गर्नु पर्नेछ ।

**परिच्छेद-७**

**(निर्वाचन, अविश्वासको प्रस्ताव, विधान संशोधन सम्बन्धी व्यवस्था)**

**२८. निर्वाचन सम्बन्धी व्यवस्था र पदावधिः-**

(क) यस संस्थाको कार्य समितिको निर्वाचन प्रत्येक २ वर्षको हुनेछ । यस संस्थाका सम्पूर्ण सदस्यहरुले आफ्नो उम्मेदवारी दिन र मतको प्रयोग गर्न पाउनेछन् । यस संस्थामा कार्यरत कर्मचारीले मतदानमा भाग लिन पाउँछन् तर उम्मेदवार हुन पाउने छैनन् । कार्य समितिको निर्वाचन गराउने निर्वाचन अधिकृतले निर्वाचनमा उम्मेदवारी दिन र मतदान दिन पाउने छैनन् ।

(ख) कार्य समितिले कार्य समिति निर्वाचनको लागि निर्वाचन अधिकृत नियुक्त गर्नेछ ।

(ग) निर्वाचन सम्बन्धी आवश्यक नियमहरु निर्वाचन समितिले नै तयार गर्नेछ ।

(घ) साधारण सभाका सदस्यहरु मध्येबाट बहुमत सदस्यहरुको सहमती आएमा निर्वाचन अधिकृतले नयाँ कार्यसमितिको घोषण गर्नेछ ।

(ङ) कार्य समितिका अध्यक्षले निर्वाचन अधिकृत समक्ष र कार्य समितिका पदाधिकारीहरुले उपाध्यक्ष समक्ष सपथ ग्रहण गर्नु पर्नेछ ।

(च) मानार्थ सदस्यले मताधिकार तथा उम्मेदवार हुन पाउने छैन ।

**२९. सल्लाहकार समितिः-**

(क) यस संस्थाको कार्यसमितिलाई वा संस्थालाई आवश्यक परेको समयमा सल्लाह दिन बुद्धिजिवी र समाज सेवी मध्येबाट एक सल्लाहकार समिति कार्यसमितिबाट चयन हुनेछ ।

(ख) सल्लाहकार समितिको सदस्य संख्या कम्तीमा ३ जनादेखि बढीमा ५ जनासम्म हुनेछ ।

(ग) कार्य समितिलाई वा संस्थालाई आवश्यक सल्लाह दिनु सल्लाहकार समितिको कर्तव्य हुनेछ । संस्थाको हित विपरीत कार्य गर्ने सल्लाहकार समितिको सदस्यलाई कार्य समितिले सल्लाहकार समितिको सदस्यबाट निलम्बन गर्न सक्नेछ ।

**३०. अविश्वासको प्रस्तावः-**

कार्य समितिको पदाधिकारीहरुलाई संस्थाको उद्देश्य विपरीत काम गरेको भनी २५ प्रतिशत

सदस्यहरुले प्रस्ताव ल्याई सभाका सदस्यहरु मध्येबाट २/३ (दुई तिहाई) बहुमतबाट पारित भएमा अविश्वासको प्रस्ताव ल्याएको सम्बन्धित पदाधिकारीले आफ्नो पदबाट हट्नेछ। अविश्वासको प्रस्ताव पारित हुनु अगाडि सम्बन्धित पदाधिकारीलाई सफाइको मौका दिइने छ ।

**३१. कर्मचारीको व्यवस्थाः**

यस संस्थाले साधारण सभाको निर्णयबाट संस्थाको आर्थिक कोषबाट वेहारिने गरी आवश्यक कर्मचारी नियुक्ति गर्न सक्नेछ । त्यस्ता कर्मचारीको प्रारम्भिक सुविधा र सेवाका सर्तहरु कार्यसमितिले तोके बमोजिम हुनेछ ।

**३२. नियम विनियम वनाउनेः**

यस संस्थाको कार्य संचालनको निमित्त विधानको परिधी भित्र रहेर कार्य समितिले आवश्यक नियम विनियहरु बनाउन सक्नेछ, यसरी बनाएका नियम विनियमहरु साधारण सभाबाट अनुमोदन गरिनु पर्दछ ।

**३३. विधान संशोधनः**

यस विधानको प्रस्तावना र उद्देश्यमा प्रतिकुल असर नपर्ने गरी विधान संशोधन गर्नु परेमा विशेष साधारण सभाको बहुमतबाट पारित गरी स्थानीय अधिकारीको पूर्व स्वीकृति लिई संशोधित विधान लागू गरिनेछ ।

**३४. संस्थाको विघटनः-**

कुनै कारणवस संस्थाको विघठन भएमा संस्थाले बुझाउनु पर्ने दायित्व फर फारक गरी बाँकी रहको सम्पूर्ण चल अचल सम्पत्ति नेपाल सरकारको हुनेछ ।

**३५. खारेजी र वचाउः-**

(क) यस विधान अन्तर्गत र नियम विनियममा समेत उल्लेख नभएका विषयहरु प्रचलित नेपाल कानून बमोजिम हुनेछन् ।

(ख) यस विधानमा लेखिएको कुनै कुरा प्रचलित कानुनसँग बाझिएको हदसम्म स्वत निस्कृय हुनेछ ।

(ग) यो विधान अन्तर्गत वनेका नियम, विनियमको व्याख्या गर्ने अधिकार स्थानीय अधिकारीलाइ हुनेछ ।

**३६. निर्देशनको पालनाः-**

नेपाल सरकार वा स्थानीय अधिकारीले समय समयमा दिएको निर्देशनको पालना गरिनेछ ।

**३७. तदर्थ समितिको गठन काम कर्तव्य र अधिकार**

संस्था दर्ता पूर्वगठित तदर्थ समितिले विधान दर्ता भएको ६ महिनाभित्रमा कार्यसमितिको निर्वाचन गराईसक्नु पर्नेछ ।यस समितिले गरेका सम्पूर्ण कार्यहरु कार्य समितिले गरे सरह मान्य हुनेछ ।

**तदर्थ समितिका पदाधिकारीहरुको नाम, थर, ठेगाना र दस्तखत**

| क्र.स. | पद | नाम थर | ठेगाना | पेशा | दस्तखत |
|---|---|---|---|---|---|
| १ | अध्यक्ष- | | | | |
| २ | उपाध्यक्ष- | | | | |
| ३ | सचिव | | | | |
| ४ | सह सचिव | | | | |
| ५ | कोषाध्यक्ष | | | | |
| ६ | सदस्य | | | | |
| ७ | सदस्य | | | | |

**साक्षीहरु**

| क्र.स. | पद | नाम थर | ठेगाना | पेशा | दस्तखत |
|---|---|---|---|---|---|

| | | | | | |
|---|---|---|---|---|---|
| १ | | | | | |
| २ | | | | | |
| ३ | | | | | |

**अनुसूची -१**

**संस्थानको छाप, चिन्ह**

**३८. विविध**

## अनुसूची-१ (क)

## उपभोक्ता समिति संस्था दर्ताको आवश्यक विधानको नमुना ढाँचा

**........................................................... उपभोक्ता समिति**

**को विधान २०७८**

**प्रस्तावना ः**

..........................................................................................

### परिच्छेद १

### प्रारम्भिक

१. संस्थाको नाम ः

यस संस्थाको नाम नेपालीमा "................................... उपभोक्ता समिति" रहनेछ ।

क) संस्थाको कार्यालय रहने ठेगाना ः

यस संस्थाको कार्यालय रसुवा जिल्ला कालिका गाउँपालिका वडा नं. ......................... मा हुनेछ ।

ख) सस्थाको कार्यक्षेत्रः

यस संस्थाको कार्यक्षेत्र कालिका गाउँपालिका क्षेत्रभर रहनेछ । आवश्यकता अनुसार अन्य पालिका वडा वा पालिकामा कार्यक्षेत्र विस्तार गर्नुपरेमा सम्वन्धित पालिकाको सिफारिसमा स्थानीय प्रशासनको स्विकृती लिई कार्यक्षेत्र विस्तार गर्न सकिनेछ ।

ग) प्रारम्भः   यो विधान संस्था दर्ता भएको मिति देखि लागु हुनेछ ।

घ) संस्थाको अस्तित्व ः यो संस्था संगठित, स्वशासित, गैर नाफामुलक, गैर राजनैतिक तथा गैर सरकारी सामाजिक संस्था हुनेछ ।

२. परिभाषाः

विषय वा प्रसंगले अन्य अर्थ नलागेमा :

क) "विधान" भन्नाले "................... उपभोक्ता समिति" को विधानलाई  वुझाउँदछ ।

ख) "संस्था" भन्नाले "...................................... उपभोक्ता समिति" लाई वुझाउँदछ ।

ग) "अध्यक्ष" भन्नाले यस संस्थाको अध्यक्षलाई सम्झनुपर्दछ ।

घ) "पदाधिकारी" भन्नाले यस संस्थाको कार्यसमितिका पदाधिकारीहरुलाई सम्झनुपर्दछ ।

ङ) "कार्यकारी समिति" भन्नाले यस विधान बमोजिम गठन भएको संस्थाको कार्यकारी समितिलाई जनाउँदछ ।

च) "सभा" भन्नाले यस विधान बमोजिम बसेको साधारण सभा र विशेष साधारण सभा समेतलाई जनाउँदछ ।

छ) "साधारण सदस्य" भन्नाले यसै विधान बमोजिम योग्यता पुगी साधारण सदस्यता प्राप्त गरेका "साधारण सदस्यहरु"

लाई जनाउँछ ।

ज) “सदस्य” भन्नाले यस समितिका कार्यकारीणी सदस्य, साधारण सदस्य, संस्थागत सदस्य र मानार्थ सदस्य तथा आजीवन सदस्य समेतलाई बुझाउँछ ।

झ) “संस्थापक” भन्नाले यो संस्था दर्ता गर्न प्रथम पटक नागरीकता प्रमाण–पत्र सहित आउने प्रथम कार्यकारीणी समितिको अध्यक्ष लगायत सदस्यहरूलाई सम्झनु पर्दछ ।

ञ) “नियम, विनियम” भन्नाले यस विधान अन्तरगत बन्ने नियम तथा विनियमलाई जनाउँदछ ।

ट) “स्थानीय तह” भन्नाले कालिका गाउँपालिका लाई जनाउँदछ ।

ठ) “तोकिएको वा तोकिए बमोजिम” भन्नाले यो विधान र यस विधान अन्तरगत बनेका नियम विनियममा तोकिएको वा तोकिए बमोजिम सम्झनुपर्दछ ।

ड) “स्थानीय अधिकारी” भन्नाले कालिका गाउँपालिकाको प्रमुख प्रशासकिय अधिकृत लाई जनाउँदछ ।

३. संस्थाको छाप र चिन्ह :

संस्थाको छुटै छाप र चिन्ह हुनेछ । छाप र चिन्हको नमूना अनुसूचि १ मा राखिएको छ ।

## परिच्छेद २

## उद्देश्य

### ४. संस्थाको उद्देश्य

**यस संस्थाको उद्देश्य देहाय बमोजिम हुनेछ**

(क) यो संस्था कुनै पनि राजनैतिक दलसँग सम्वन्ध नरहेको गैरराजनितिक, मुनाफारहित जनहितकारी सामाजिक संस्था हुनेछ ।

(ख) .....

(ग) ....

(घ) विभिन्न राष्ट्रिय तथा अन्तराष्ट्रिय र स्थानीय सरकारी तथा गैरसरकारी संघसंस्थाहरुसँग सहकार्य गरी विभिन्न कार्यक्रमहरु संचालन गर्ने ।

(ङ) संस्थाले नेपाल सरकारको स्विकृती लिई संस्थालाई आवश्यक पर्ने चाल अचल सम्पत्ति खरिद विक्री गर्न सक्नेछ र संस्थाद्धारा नेपाल सरकार/राष्ट्रिय तथा अन्तर्राष्ट्रिय संघसंस्थाको सम्वन्धमा प्रतिकुल असर पार्ने वा नेपालको परराष्ट्र नीतिको वर्खिलाप हुन जाने वा नेपालको अखण्डता, सार्वभौमसत्ता, स्वतन्त्रता तथा शान्ति सुरक्षामा खलवल पुग्ने कुनै कार्य गरिने छैन ।

### ५. संस्थाको उद्देश्यहरु प्राप्त गर्न गरिने कार्यहरु ः

यस संस्थाको उद्देश्य प्राप्त गर्न देहायका कार्यहरु गरिनेछ ।

क) संस्थाले प्रचलित नेपाल कानुन बमोजिम सम्वन्धित निकायवाट अनुमति वा ईजाजत प्राप्त गरेर मात्र उपरोक्त उद्देश्य कार्यान्वयन गर्ने ।

ख) संस्थालाई आवश्यक पर्ने जग्गा खरिद गर्ने, भवन निर्माण गर्ने, भाडामा वा लिजमा लिने र कम्प्युटर, टेलिफोन, फ्याक्स जस्ता कार्यालय सामान तथा सवारी साधन खरिद गर्ने वा भाडामा लिई प्रयोग गर्ने ।

ग) संस्थालाई आवश्यक पर्ने कर्मचारी नियूक्त गर्ने तथा तिनको सेवा शर्तहरु निर्धारण गर्ने ।

घ) संस्थामा प्राप्त रकम बैंकमा जम्मा गरी बैंक खाता संचालन गर्ने ।

ङ) सिंचाई निर्माण तथा मर्मत, घरवस्ती संरक्षण, पहिरो नियन्त्रण तथा नदि नियन्त्रण कार्यमा सरकारी प्रयासहरुमा मद्दत पुर्याउने संघ, संस्था वा नागरिकहरुलाई आवश्यक पर्ने कौशल, ज्ञान र श्रोत उपलव्ध गराउने ।

च) निर्णय प्रकृया एवं निर्माणमा पारदर्शि र विकेन्द्रिकृत दृष्टिकोणवाट विकास गर्न मद्दत पुर्याउने ।

छ) वार्षिक योजना बनाई साधारण सभाबाट स्विकृत गराई कार्यान्वयन गराउने ।

ज) संस्थाको उद्देश्य प्राप्तीका लागि नेपालको कानूनसंग नबाझिने गरी आवश्यक विनियम बनाउने ।

झ) कार्यक्रम सम्पादन पश्चात सामाजिक लेखाजोखा गर्ने ।

## परिच्छेद ३
## सदस्यता

**६. सदस्यताको वर्गिकरण**

क) साधारण सदस्य – संस्थाको कार्यक्षेत्र भित्रका विधान वमोजिम योग्यता पुगेका व्यक्तिहरु यस संस्थाको साधारण सदस्य बन्न सक्नेछन् ।

ख) मानार्थ सदस्य – संस्थाको उद्देश्य पूरा गर्नका लागि विशिष्ट योगदान पुर्याएका वा यस संस्थामा सेवा गरेका व्यक्तिहरुलाई साधारण सभाले मानार्थ सदस्यता दिन सक्नेछ तर मानार्थ सदस्यको मताधिकार रहनेछैन ।

ग) आजीवन सदस्य – यस संस्थाको वृहत्तर हितको लागि महत्वपूर्ण आर्थिक, भौतिक सहयोग गर्ने व्यक्तिलाई साधारण सभाले आजीवन सदस्यता दिन सक्नेछ र ती सदस्यले साधारण सभामा समेत भाग लिन सक्नेछन् ।

घ) संस्थापक सदस्य – संस्था दर्ताका वखत नागरिकताको प्रमाण पत्र सहित निवेदन पेश गर्ने तदर्थ समितिको पदाधिकारी तथा सदस्यहरु संस्थापक सदस्य हुनेछ ।

**७. सदस्यता प्राप्तिका लागि आवश्यक योग्यता**

यस संस्थाको सदस्यता प्राप्तिका लागि देहायको योग्यता प्राप्त गरेको हुनुपर्नेछ ।

क) कार्यक्षेत्र भित्रका नेपाली नागरिकता प्राप्त गरेको व्यक्तिहरु ।

ख) मानसिक सन्तुलन नगुमाएको ।

ग) सार्वजनिक सम्पति हिनामिना गरेको नठहरेको ।

घ) नैतिक पतन देखिने फौजदारी र भ्रष्टाचारको अभियोगमा सजाँय नपाएको ।

ङ) सम्बन्धित संस्था उपर निजी स्वार्थ नभएको ।

**८. संस्थाको सदस्यता प्राप्त गर्न वा बहाल रहन नसक्ने अवस्था**

देहायको कुनैपनि व्यक्ति यस संस्थाको सदस्य पदमा नियूक्त हुन सक्ने छैन

क) दफा ७ वमोजिमको योग्यता पुरा नभएमा ।

ख) मगज विग्रिएमा वा मानसिक सन्तुलन ठिक नभएमा,

ग) संस्थाको विधान विपरीत कुनै कार्य गरेको ठहरिएमा, नैतिक पतन भएमा, कार्यसंमितिको बहुमतवाट निश्कासित भएमा, राजिनामा दिई कार्यसमितिले स्विकृत गरेमा, सदस्यता नविकरण नगरेमा र मृत्यू भएमा ।

**९. सदस्यता शुल्क र सदस्यता प्रदान गर्ने विधि**

सदस्यता शुल्क

क) साधारण सदस्यता रु .....।–(.................) शुल्क लिई दफा ७ बमोजिम योग्यता पुगेकालाई प्रदान गरिनेछ ।

ख) मानार्थ सदस्यता रु..........।–र आजिवन सदस्यता रु........।–शुल्क लिई सदस्यताको लागि योग्यता पुगेकालाई संस्थाको निर्णयानुसार प्रदान गरिनेछ ।

नोट : साधारण सदस्यता प्रत्येक वर्ष साधारण सभा हुनु भन्दा ७ दिन अगाडी रु .......।–(.......... रुपैया मात्र) तिरी नविकरण गर्नुपर्नेछ । अन्यथा सदस्यता स्वत खारेज हुनेछ तर संस्थापक सदस्यको हकमा दफा ८ बमोजिम मात्र खारेज हुनेछ ।

**९.१. सदस्यताको समाप्ति**

१. देहायको अवस्थामा संस्थाको सदस्यता वहाल रहने छैन ।

क) यस विधानको दफा ८ बमोजिमको सदस्य पद प्राप्त गर्न नसक्ने भएमा ।

ख) साधारण सभाको ७५ प्रतिशत सदस्यहरुको बहुमतले संस्थाको सदस्य पदबाट हटाउने प्रस्ताव पारित गरेमा ।

ग) सदस्यले आफ्नो पदबाट दिएको राजिनामा स्वीकृत भएमा ।

घ) संस्थाको काम कार्वाहीमा बेइमानी वा बदनियत गरेको कुरा प्रमाणित भएमा ।

ङ) यस विधान बमोजिम संस्थाले गर्न नहुने भनी तोकिएको कुनै कार्य गरेमा ।

च) सदस्यता नियमित नविकरण नगरेमा ।

छ) संस्था विघटन भई खारेज भएमा ।

२. संस्थाको सदस्यता प्राप्त गर्न वा बहाल रहन अयोग्य ठहराउनुभन्दा अघि संस्थाले निजलाई सो कुराको सूचना दिई, सफाईको सबुद पेश गर्ने मौका दिनेछ ।

**१०. सदस्यहरुको अधिकार**

क) साधारण सदस्यता : साधारणसभावाट निर्वाचित हुने तथा मतदान गरी पदाधिकारी छान्ने ।

ख) मानार्थ सदस्यता : संस्थाको विकासको लागि उल्लेखनिय कार्य गर्दै सहयोग पुर्याउने । साधारण सभा र निर्वाचनमा भाग लिन भने मानार्थ सदस्यले पाउने छैन ।

ग) आजीवन सदस्यता : साधारणसभावाट निर्वाचित हुने तथा मतदान गरी पदाधिकारी छान्ने ।

**परिच्छेद ४**

**साधारणसभा तथा बैठकसम्बन्धी व्यवस्था**

११. साधारण तथा विशेष साधारण सभा वोलाउने तरिका र सभाका लागि दिनुपर्ने सूचना सम्वन्धि कुराहरु

क) यस संस्थाको साधारण सभा देहाय बमोजिम हुनेछ ।

अ) बार्षिक साधारण सभा

आ) विशेष साधारण सभा

ख) यस संस्थाको प्रथम वार्षिक साधारण सभा संस्था दर्ता भएको ६ महिना भित्र गरिनेछ र त्यसपछिका साधारण सभाहरु आर्थिक वर्ष समाप्त भएको मितिले २(दुई) महिना भित्र गरिनेछ ।

ग) यस संस्थाको वार्षिक साधारण सभा गर्नको लागि कम्तिमा ३० दिन अगावै र विशेष साधारण सभा गर्नका लागि कम्तिमा १५ दिन अगावै सभा हुने ठाँउ, मिति तथा छलफल गर्ने विषय सवै साधारण सदस्यलाई सुचित गरिनेछ ।

घ) दफा ११ को क)अ बमोजिम वोलाईएको साधारण सभामा ६०% सदस्यहरुको उपस्थितीलाई गणपुरक संख्या मानिनेछ उक्त सभामा गणपूरक संख्या नपुगी सभा हुन नसकेमा कम्तिमा ७ दिनको म्याद भित्र पुनः साधारण सभा बोलाईनेछ ।

ङ) विशेष कारण परी २५% साधारण सदस्यले माग गरेमा १५ दिन अगावै सूचना दिई विशेष साधारण बोलाउनु पर्दछ ।

**१२. साधारण सभाको काम, कर्तव्य र अधिकार**

साधारण सभाको काम कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ

क) कार्यसमितिले पेश गरेको योजना, कार्यक्रमहरु र बार्षिक बजेट पारित गर्ने ।

ख) लेखा परिक्षेकबाट प्राप्त भएको बार्षिक लेखापरीक्षण प्रतिबेदनमाथि छलफल गरी अनुमोदन गर्ने र लेखापरीक्षण प्रतिबेदनबाट देखिएका बेरुजु रकमहरुमाथि छलफल गरी नियमित गर्न नमिल्ने बेरुजु रकमहरु अशुल उपर गरी फछ्र्यौट गर्नको लागि कार्यसमितिलाई निर्देशन दिने ।

ग) आगामी वर्षको लागि लेखापरीक्षक नियुक्ति गर्ने ।

घ) संस्थाको बार्षिक कार्यप्रगति विवरण र कार्यसमितिले गरेको कार्यहरुको मुल्यांकन गरी कार्यसमितिलाई आवश्यक

निर्देशन दिने ।

ङ) संस्थाको कार्यसमितिका पदाधिकारीहरुको पदावधि पुगेको अवस्थामा कार्यसमितिका पदाधिकारीहरुको विधान बमोजिमको प्रक्रिया अन्तरगत रही निर्वाचन गर्ने ।

च) कार्यसमितिद्धारा पेश भएका विधान शंसोधन, नियम तथा विनियम स्वीकृत गर्ने ।

छ) आजीवन, संस्थागत र मानार्थ सदस्यता प्रदान गर्ने ।

ज) कार्यसमितिबाट संस्थाको हित अनुकुल भएका कामहरुको औचित्य हेरी अनुमोदन गर्ने ।

झ) संस्थाको आफ्नै आन्तरिक श्रोतबाट व्यहोर्ने गरी कार्यसमितिले पेश गरेको कर्मचारीहरुको दरबन्दी, पारिश्रमिक भत्ता, तथा अन्य सुविधाहरुमा आवस्यकता अनुरुप स्वीकृति प्रदान गर्ने ।

**१३. कार्यसमिति**

कार्यसमितिको चयन वार्षिक साधारण सभावाट निर्वाचन प्रकृयावाट हुनेछ तर प्रथम वार्षिक साधारण सभा नभए सम्मको लागि निम्न अनुसारको तदर्थ समिति रहनेछ ।

१, साधारण सभाका सदस्यहरुबाट निर्वाचित देहाय बमोजिमका पदाधिकारीहरु रहने गरी ....... सदस्यीय एक कार्यसमिति गठन गरिनेछ ।

| | |
|---|---|
| अध्यक्ष – | १ जना |
| सचिव – | १ जना |
| कोषाध्यक्ष – | १ जना |
| सदस्य – | ...... जना |
| जम्मा | ..... जना |

२, कार्यसमितिकको कार्यकाल २ वर्षको हुनेछ ।

३, बार्षिक साधारण सभा हुनुभन्दा अगावै कार्यसमितिमा रहेका कुनै सदस्यको पद रिक्त हुन आएमा बाँकी अवधिका लागि कार्यसमितिका सदस्यको मनोनित कार्यसमितिद्धारा गर्न सकिनेछ । यसरी सो पदमा निर्वाचन भएको सदस्यको कार्यकाल जुन सदस्य पद रिक्त भएको हो, सो सदस्यको बाँकी कार्यकालसम्मका लागि मात्र हुनेछ तर अन्य पदहरुको लागि विधान बमोजिम बाँकी अवधिको निमित्त निर्वाचन प्रकृयाद्धारा पदपूर्ति गरिनेछ ।

४, कार्यसमितिको बैठक आवश्यकताअनुसार अध्यक्षले बोलाउने छ तर कार्यसमितिका पदाधिकारीहरुको जम्मा संख्याको ५१ प्रतिशतले बैठक बोलाउन माग गरेमा अध्यक्षले कार्यसमितिको बैठक तुरुन्त बोलाउनु पर्नेछ ।

५, कार्यसमितिका पदाधिकारीहरुको कूल संख्याको ५१ प्रतिशत पदाधिकारीहरु उपस्थित नभै, कार्यसमितिको बैठक बस्ने छैन ।

६, कार्यसमितिको बैठकमा अध्यक्षले अध्यक्षता गर्नेछ र निजको अनुपस्थितिमा उपाध्यक्षले र उपाध्यक्षको पनि अनुपस्थिति रहेमा बैठकमा उपस्थित भएका सदस्यहरुले छानेको वा जेष्ठ सदस्यले अध्यक्षता गर्नेछ ।

७, कार्यसमितिको बैठकमा बहुमतको निर्णय मान्य हुनेछ र मत बराबर भएमा अध्यक्षले निर्णायक मत दिन सक्नेछ ।

८, कार्यसमितिको बैठकमा छलफल भएको विषयहरुमा छुट्टै निर्णय कितावमा लेखी राखिनेछ र सो निर्णय विवरणमा बैठकमा उपस्थित सम्पूर्ण सदस्यहरुले सही गर्नुपर्नेछ तर निर्णयमा असहमति जनाउनेहरुले कैफियत खोली सही गर्नुपर्नेछ ।

९, समितिले गर्ने भनेको सम्पूर्ण कार्य कार्यसमितिको निर्णयबाट हुनेछ ।

१०, माथिका दफाहरुमा जुनसुकै कुरा लेखिएको भएपनि कार्यसमितिले गर्न पाउने कुनै कार्यको सम्बन्धमा कार्यसमितिका सबै पदाधिकारीहरु लिखित रुपमा सहमत भएमा त्यस्तो सहमतीलाई निर्णय पुस्तिकामा संलग्न गरी त्यस्तो काम बैठक विना पनि गर्न सकिने छ । उपरोक्त बमोजिमको सहमतिलाई कार्यसमितिको बैठकको निर्णय

सरह मानिनेछ ।

## परिच्छेद ५

## काम, कर्तव्य र अधिकार

१४. कार्यसमितिको काम, कर्तव्य र अधिकार

क) यस संस्थाको हकहित र संरक्षणको लागि क्रियाशिल रहने ।

ख) प्राप्त श्रोत तथा साधनलाई उचित सदुपयोग गरी परिचालन गर्ने ।

ग) बार्षिक कार्यक्रम तथा अनुमानित बजेट बनाई साधारण सभामा पेश गर्ने । लेखापरिक्षणवाट औंल्याईएका वेरुजुहरु साधारण सभामा प्रस्तुत गरी साधारण सभावाट निर्णय भए अनुसार फछ्र्यौट गर्ने ।

घ) संस्थाको हितमा हुने कार्यक्रमहरु सञ्चालन गर्ने गराउने ।

ड) साधारण सभा प्रति उत्तरदायी रहने ।

च) संस्थाको कार्य सम्पादन गर्न कार्ययोजना बनाउने, श्रोत साधन जुटाउने, कार्यान्वयन, सुपरिवेक्षण र अनुगमन गर्ने ।

छ) संस्थाको कोष र सम्पत्ति सुरक्षित तरिकाले राख्न लगाउने र बैंक खाता खोली सञ्चालन गर्ने ।

ज) संस्थाको उद्देश्य परिपूर्तिका लागि आफ्नो कार्यअवधिमा उपयुक्त व्यक्तिहरुको सल्लाहकार समिति, अन्य समिति, उपसमिति गठन गर्ने र आवश्यकता अनुरुप कार्यको बाँडफाँड गरी दिने ।

झ) संस्थाको नेतृत्वदायी भूमिका निर्वाह गर्ने ।

**१५ . पदाधिकारीहरुको काम कर्तव्य र अधिकार**

**क) अध्यक्ष**

अ) कार्यसमिति र साधारण सभाको बैठकको अध्यक्षता गर्ने ।

आ) मत वाझिएमा अध्यक्षले निर्णायक मत दिने ।

इ) संस्थाको तर्फबाट प्रतिनिधित्व गर्ने वा प्रतिनिधि तोक्ने ।

ई) कार्यसमितिद्वारा निणर्य गराई आवश्यकता अनुसार कर्मचारी भर्ना गर्ने र कर्मचारीहरुको सेवा शर्त र सुविधा सम्बन्धी कर्मचारी नियमावली बनाई साधारण सभाबाट स्वीकृत गराई लागु गर्ने ।

उ) संस्थाको कार्य सञ्चालनको लागि आवश्यक नियम र लेखापरिक्षकको चयन कार्यसमिति मार्फत तयार पारी साधारण सभामा पेश गर्न लगाउने ।

ऊ) कार्यक्रम तथा खर्चहरुको कागजात प्रमाणित गरी आर्थिक तथा प्रशासनिक कार्यहरु सञ्चालन गराउने

ए) साधारण सभाद्वारा स्विकृत अख्तियारीको अधिनमा रही आम्दानी र खर्च गर्ने ।

**ख) उपाध्यक्ष**

अ) अध्यक्षको अनुपस्थितीमा कार्यवाहक अध्यक्ष भई कार्य सञ्चालन गर्ने ।

आ) कार्यसमिति र साधारण सभा द्वारा तोकिएको कार्य गर्ने ।

इ) अध्यक्षले सुम्पिएका अन्य कार्यहरु गराउने ।

**ग) सचिव**

अ) संस्थाको प्रशासनिक कार्य जिम्मा लिई अध्यक्ष र कार्यसमितिको परामर्श अनुसार कार्य गर्ने ।

आ) वैठक तथा साधारण सभाको लागि पत्राचार गर्ने । संस्था सम्वन्धि विविध कार्यहरु गर्ने ।

इ) कार्यक्रम, योजना तर्जुमा, सञ्चालन र अनुगमन गर्ने गराउने ।

ई) जिन्सी तथा नगदको रेखदेख गरी संस्थाको खातापाताको जिम्मा लिई राख्ने ।

**घ) कोषाध्यक्ष**

अ) आर्थिक कारोवार सञ्चालन गरी श्रेष्ताहरु अध्यावधिक राख्ने ।

आ) संस्थाको चल अचल सम्पती जिममा लिई त्यसको संरक्षण गर्ने ।

इ) लेखा परिक्षण गराई साधारण सभामा अनुमोदनार्थ पेश गर्न साथै विगत चालु वर्षको आय–व्यय र आगामी वर्षको लागि अनुमानित वजेट तयार पारी साधारण सभामा पेश गर्ने ।

ई) कोषलाई नियमित गर्न प्रभावकारी उपायहरु अवलम्वन गर्ने र तोकिएको अन्य कार्यहरु गर्ने ।

**ङ) सदस्य**

अ) बैठकमा नियमित उपस्थित हुने र प्रस्ताव उपर छलफल गर्ने ।

आ) संस्थाले दिईएको जिम्मेवारी पुरा गर्ने ।

**१६. गणपूरक संख्या**

कुल सदस्य संख्याको ६० प्रतिशतको प्रतिनिधित्व हुने गरी साधारण सदस्यहरु उपस्थिती नभै साधारण सभाको कामकार्वाही हुनेछैन तर विधानको दफा ११ को उपदफा (घ) मा उल्लेख भए बमोजिम पुनः बोलाइएको साधारण सभामा कूल सदस्य संख्याको ५१ प्रतिशत प्रतिनिधित्वलाई गणपुरक मानिनेछ ।

## परिच्छेद ६
## आर्थिक व्यवस्था

**१७. संस्थाको कोष**

१७.१. संस्थाको आफ्नै छुट्टै कोष हुनेछ र सो कोषमा देहाय बमोजिम रकमहरु हुनेछन् ः

क) सदस्यता वापत प्राप्त प्रवेश शुल्क र सदस्यता शुल्कको रकम ।

ख) सदस्यता नविकरण शुल्क वाट प्राप्त रकम ।

ग) कसैले स्वइच्छाले दिएको अनुदान, सहायता वापत प्राप्त रकम ।

घ) संस्थाको चलअचल सम्पति विक्रिबाट प्राप्त रकम ।

ङ) स्वदेशी तथा विदेशी नागरिक वा संस्थाले स्वईच्छाले दिएका आर्थिक सहायता रकम ।

च) स्थानीय तहबाट प्राप्त अनुदान वा सहयोग वापत प्राप्त रकम ।

छ) सरकारी तथा गैरसरकारी संघ संस्थावाट सहयोग वापत प्राप्त रकम ।

ज) संस्थाले आयोजना गर्ने कार्यक्रमवाट प्राप्त रकम ।

झ) संस्थाको सम्पत्ती भाडामा लगाई प्राप्त हुने रकम ।

१७.२. संस्थाले विदेशी व्यक्ति वा संस्थाबाट आर्थिक सहयोग प्राप्त गर्नुपुर्व समाजकल्याण परिषदको पूर्व स्विकृति लिइनेछ । साथै संस्थाको आर्थिक कारोवार बैंक मार्फत गरिनेछ ।

**१८. खाता संचालन**

संस्थाको अध्यक्ष, सचिव र कोषाध्यक्षको अनिवार्य दस्तखत रहने गरी संयूक्त दस्तखतवाट खाता सञ्चालन हुनेछ । प्रचलित ऐन नियमअनुसार खर्च गर्ने तथा खर्चको श्रेस्ता राख्ने व्यवस्था गरिनेछ ।

**१९ संस्थाको लेखा र लेखापरीक्षण**

क) संस्थाको आय व्ययको लेखा प्रचलित कानून बमोजिम राखिनेछ । संस्थाको लेखा परिक्षण प्रचलित कानून बमोजिम रजिष्टर लेखापरीक्षकबाट गराईनेछ ।

ख) नेपाल सरकार वा स्थानीय अधिकारीले चाहेमा जुनसुकै बखतमा पनि आफै वा मातहतका कर्मचारीहरु खटाई संस्थाको हिसाव किताव जाँच गर्न गराउन सक्नेछ ।

ग) लेखापरीक्षकको नियुक्ती साधारण सभाबाट हुनेछ तर प्रथम बार्षिक साधारण सभा नभएसम्म लेखापरीक्षकको नियुक्ती कार्यसमितिबाट हुनेछ ।

घ) संस्थाको लेखापरीक्षण प्रतिबेदन र बार्षिक कार्यप्रगति विवरणको एक एकप्रति स्थानीय अधिकारी, जिल्ला

समन्वय समिति, समाज कल्याण परिषद र सम्बन्धीत निकायमा पेश गरिनेछ ।

## परिच्छेद ७

## निर्वाचन, अविश्वासको प्रस्ताव र विधान संशोधनसम्बन्धी व्यवस्था

२०. निर्वाचनसम्बन्धी व्यवस्था

कार्य समितिको निर्वाचनको लागि कार्यसमितिको बैठकको वहुमतद्वारा कार्यसमितिमा नरहेका समाजका प्रतिष्ठित व्यक्तीहरु रहेको एक निर्वाचन मण्डल गठन गरिनेछ । निर्वाचन सम्बन्धी कार्यविधि नतोकिएसम्म निर्वाचन मण्डलको निर्णय मान्य हुनेछ । साथै निर्वाचन सम्बन्धी विषयमा निर्वाचन मण्डलको निर्णय नै अन्तिम निर्णय हुनेछ । निर्वाचन सम्बन्धी कार्य पुरा भएको भोलिपल्ट निर्वाचन समिति स्वत खारेज हुनेछ ।

२१. कार्यसमितिको उम्मेदवार हुने योग्यता

(क) संस्थाको मताधिकार प्राप्त साधारण सदस्य कार्य समितिको कुनैपनि पदको लागि उम्मेदवारहुन योग्य मानिनेछ ।

(ख) यस संस्थाको सदस्य लिएको हुनुपर्नेछ, ।

(ग) नेपाली नागरीकताको प्रमाण–पत्र प्राप्त गरेको हुनुपर्नेछ ।

(घ) मगज विग्रेको वा अन्य कुनै किसिमको अभियोग नलागेको हुनुपर्नेछ ।

२२. अविश्वासको प्रस्ताव :

(क) प्रस्तुती प्रकृया : २५% साधारण सदस्यले कार्यसमितिको कुनैपनि पदाधिकारी विरुद्ध पेश गरेको प्रस्ताव साधारण सभामा प्रस्तुत गरिनेछ ।

ख) निर्णय प्रकृया : दफ २२ (क) अनुसार प्रस्तुत गरेको अविश्वासको प्रस्ताव दुई तिहाई सदस्यहरुको उपस्थितिमा छलफल भई उपस्थित सदस्यहरुको दुई तिहाई वहुमतको निर्णयवाट पारित भएमा मान्य हुनेछ । अन्यथा मान्य हुनेछैन् ।

**२३. विधान संशोधन :**

कूल सदस्य संख्याको २/३ (दुई तिहाइ) साधारण सभाका सदस्यहरुले अनुमोदन गरे पश्चात् मात्र संस्थाको कुनै दफा संशोधन वा खारेजीको लागि स्थानीय अधिकारी समक्ष सिफारिस गरी पठाउनु पर्नेछ । स्थानीय अधिकारीबाट स्वीकृत भएपछि मात्र संस्थाको कुनैपनि दफा संशोधन वा खारेज भएको मानिनेछ ।

२४. विनियम बनाउन सक्ने :

संस्थाले आफ्नो कार्यसम्पादन गर्ने सन्दर्भमा आवश्यक विनियम बनाउन सक्नेछ र सो को जानकारी स्थानीय अधिकारीलाई दिनुपर्नेछ ।

२५. तदर्थ समिति :

यो संस्था स्थापना गरी दर्ता गराउनका लागि गठित तदर्थ समितिले ६ महिनाभित्र विधान अनुसारको निर्वाचन कार्य गर्नका लागि साधारण सभा बोलाई निर्वाचन समितिको गठन गरी नयाँ कार्य समितिको चयन गर्नुपर्नेछ र सो अवधिमा कार्य समितिले गरेका कामहरु यसै विधान अनुसार भएको मानिनेछ ।

२६. पद त्याग सम्बन्धि व्यवस्था

संस्थाको अध्यक्षले उपाध्यक्ष मार्फत कार्यसमिति समक्ष र उपाध्यक्ष तथा अन्य पदाधिकारीहरुले अध्यक्ष समक्ष राजिनामा दिई पद त्याग गर्न सक्नेछन ।

२७. संस्थाको खारेजी :

१. संस्थाको औचित्य नभएमा साधारण सभाले विशेष प्रस्ताव पारित गरी संस्था खारेजी गर्न सक्नेछ ।

२. उपनियम १ बमोजिम संस्थाको खारेजीको प्रस्ताव पारित गर्दा साधारण सभाले खारेजीको कामका लागि एक वा एकभन्दा बढि लिक्विडेटरहरु र संस्थाको हिसावकिताव गर्नको लागि १ वा १ भन्दा बढी लेखा परिक्षकहरु नियुक्त

गर्न सक्नेछ । लिक्विडेटर र लेखापरीक्षकहरुको पारिश्रमिक साधारण सभाले तोके बमोजिम हुनेछ ।

३. उपनियम २ बमोजिम नियुक्त लिक्विडेटर र लेखापरीक्षकले संस्था खारेजी सम्वन्धि कामकार्वाही गर्नेछन् । यसरी संस्था खारेज गरेमा संस्थाको चलअचल सम्पति स्वतः नेपाल सरकारको हुनेछ ।

२८. ऐन अनुसार हुने :

यस विधानमा उल्लेख नभएका कुराहरु प्रचलित नियम कानून बमोजिम हुनेछ । संस्था दर्ता ऐन नियम, र प्रचलित कानूनसंग बाझिन गएमा बाझिन गएको हदसम्म स्वतः निष्कृय हुनेछ । साथै यो संस्था अविछिन्न अधिकारवाला संस्था हुनेछ । व्यक्ति सरह चल अचल सम्पत्ति खरिद तथा विक्री गर्न, दान लिन वा दिन, नालिस लिन दिन सक्नेछ ।

२९. हामी "...............................................................उपभोक्ता समिति" का निम्न बमोजिमका संस्थापकहरू यस विधान बमोजिम कार्य गर्न मञ्जुर भई निम्न साक्षिहरूको रोहबरमा विधानमा सही छाप गर्दछौ ।

हाल तदर्थ कार्य समितिमा रहेका पदाधिकारीहरुको नाम ठेगाना तपशिल बमोजिम रहेकाछन् ।

| क्र.स. | पद | नाम थर | ठेगाना | पेशा | दस्तखत |
|---|---|---|---|---|---|
| १ | अध्यक्ष- | | | | |
| २ | उपाध्यक्ष- | | | | |
| ३ | सचिव | | | | |
| ४ | सह सचिव | | | | |
| ५ | कोषाध्यक्ष | | | | |
| ६ | सदस्य | | | | |
| ७ | सदस्य | | | | |
| ८ | सदस्य | | | | |
| ९ | सदस्य | | | | |
| १० | सदस्य | | | | |
| ११ | सदस्य | | | | |

२९. विविध :

यस विधानको दर्ता प्रकृयामा हस्ताक्षर गर्ने व्यक्तिहरुलाई संस्थापकको रुपमा मानिनेछ । यस्ता सदस्यहरु संग्लग्न रहेको एक आन्तरिक काम चलाउन कार्यसमिति गठन गरिनेछ । यस्ता कार्य समितिको संस्था दर्ता भएको वढिमा ६ महिना भित्र साधारण सभाको प्रारम्भिक अधिवेशन, कार्यसमितिले निर्वाचन गर्न गराउन पर्ने दायित्व राख्दछ । यसरी कार्यसमिति गठन नभएसम्मको लागि सो समितिलाई साधारण सभा र कार्यसमितिको सम्पूर्ण अधिकार रहनेछ । यस संस्थालाई स्थानिय अधिकारीले आवश्यक निर्देशन दिन सक्नेछ र सो निर्देशनलाई पालना गर्नु संस्थाको कर्तव्य हुनेछ ।

**अनुसूची १**

**संस्थाको छाप र चिन्हको नमुना**

**छापको नमुना**

<u>अनुसूची -२</u>

**संस्था दर्ता निवेदनको नमुना**

श्रीमान् स्थानीय अधिकारी ज्यू,
कालिका गाउँपालिका,
धैबुङ्ग, रसुवा।

*विषयः संस्था दर्ता गरी पाउ भन्ने बारे ।*

**महोदय,**

हामिले कालिका गाउँपालिका वडा नं. ........... मा .............................. नामक सामाजीक संस्था स्थापना गर्न चाहेकोले कालिका गाउँपालिकाको संघ सस्था दर्ता ऐन २०७८ वमोजिम संस्था दर्ता गर्नका लागि देहायका विवरण खोली आवेदन गरेका छौ । प्रस्तावित विधान २ प्रति, वडा कार्यालयको सिफारिस पत्र तथा तदर्थ समितिमा पदाधिकारीहरुको नागरिकताको छाँयाकपि, व्यक्तिगत विवरण समेत संलग्न गरिएको छ ।

**<u>सक्षिप्त विवरण</u>**

१. संस्थाको नामः श्री..............................रहनेछ ।
२. संस्थाको मुख्य उद्देश्यः
३. संस्थापकको नाम, थर, ठेगाना र सहीछाप
ठेगाना  पेशा
१.अध्यक्ष-
२.उपाध्यक्ष-
३.सचिव-
४.कोषाध्यक्ष-
५.सदस्यहरु-
४. आर्थिक श्रोतः- सदस्य शुल्क, नविकरण शुल्क लगायत अन्य
५. संस्थाको कार्याल रहने स्थानः कालिका गाउँपालिका वडा नं........ रहने छ ।

**भवदियः**

**सहिछापः**

.अध्यक्ष-
२.उपाध्यक्ष-
३.सचिव-
४.कोषाध्यक्ष-
५.सदस्यहरु

**पदाधिकारीहरुको व्यक्तिगत विवरणको ढाँचा**

**नामः**
**जन्ममितिः**
**बाबुको नामः**
**बाजेको नामः**

**स्थायी ठेगानाः**

**हालको ठेगानाः**

**अन्य जिल्लाबाट नागरिकता लिएको भएः**

**क) जिल्ला** **ख) नागरिकता नम्बर**

**ग)नागरिकता लिएको मितिः**

**बसाई सरी आएको भए मितिः**

**हालको पेशाः**

............................

निवेदकको दस्तखत

**अनुसूची-२ (क)**

**(दफा ३ सँग सम्बन्धित)**

**उपभोक्त संस्था दर्ता निवेदन पत्रको ढाँचा**

श्री प्रमुख प्रशासकीय अधिकृत,
कालिका गाउँ कार्यपालिकाको कार्यालय,
धैबुङ्ग, रसुवा ।

महोदय,

हामीले ...........................................................................उपभोक्ता समिति नामक संस्था खोल्न चाहेकोले कालिका गाउँपालिकाको संघ संस्था दर्ता ऐन २०७८ बमोजिम संस्था दर्ता गर्नको लागि प्रस्तावित संस्थाको विधानको दुई प्रति, उ.स. गठन भएको माइनोटको फोटोकपी, पदाधिकारीहरुको नागरिकताको फोटोकपी र सम्बन्धित वडा कार्यालयको सिफारिस यसै साथ संलग्न पेश गरेको छु ।

भवदीय

पदाधिकारीहरुको नामः

पद

हस्ताक्षर

अनुसूची-३

**संस्था दर्ता किताबको ढाँचा**

## संस्थाको दर्ता किताब

| दर्ता नं. | दर्ता मिति | संस्थाको नाम र ठेगाना | संस्थाको उद्देश्य | संस्थाको पदाधिकारी एवं सदस्यहरुको नाम र ठेगाना | कैफियत |
|---|---|---|---|---|---|
| | | | | | |

अनुसूची-४

**संस्था दर्ता प्रमाणपत्रको ढाँचा**

**संस्था दर्ता प्रमाणपत्र**

**संस्था दर्ता नं.** **मिती :-**

श्री ..........................

कालिका-........., रसुवा

कालिका गाउँपालिका वडा नं. .................................... कार्यक्षेत्र भएको ............................................................ नामक संस्था स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ (४) (ठ) र कालिका गाउँपालिकाको संघ संस्था दर्ता ऐन २०७८ को दफा ४(२) बमोजिम .......... साल ..........महिना ......... गते कालिका गाउँपालिकामा दर्ता गरी यो **प्रमाण-पत्र** दिइएको छ ।

पदाधिकारीहरुको विवरण :-

अध्यक्ष

उपाध्यक्ष

सचिव

सह सचिव

कोषाध्यक्ष

सदस्य

सदस्य

सदस्य

**प्रमाण पत्र दिने अधिकारीको**

दस्तखत :

नामः

दर्जाः

कार्यालयको छाप :

**<u>नविकरण</u>**

| नवीकरण गरेको मिति | दर्ताको प्रमाणपत्र वहाल रहने अवधि | रसिद नं. र नवीकरण दस्तुर | नवीकरण गर्ने अधिकारीको दस्तखत |
|---|---|---|---|
| | | | |

**प्रमाणीकरण मितिः** २०७८/०३/२५ **स्वीकृत मितिः** २०७८/०३/१०

आज्ञाले,

यादव प्रसाद सापकोटा

प्रमुख प्रशासकीय अधिकृत